आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या : १

आज मिति २०८०/०४/२६ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति:</u>

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
का.पा. रघुनाथ शर्मा
श्री लेख बहादुर राना का.पा.
श्री गिर बहादुर थापा डा.पी.
श्री विज्ञान के.सी. स.ई.

मिति :२०८०/०४/२६

निर्णय नं. १
विरुवा गाउँपालिकाको आ.ब. २०७९/८० को वार्षिक बजेटमा समावेश योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा समग्र गाउँपालिकाको सेवा प्रवाह लगायतका क्रियाकलापहरुको विस्तृत समिक्षा गरी चालु आ.व.मा गत आ.व.का सकरात्मक पक्षहरुलाई निरन्तरता दिदै कमजोर पक्षहरुलाई सुधार गरी नतिजाउन्मुख र प्रतिफलमुखी सेवा प्रवाहमा जोड दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. २
आ.व. २०८०/८१ को लागि विरुवा गाउँपालिका कार्यालयबाट संचालन तथा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमका लागि जिल्ला प्रशासन कार्यालय, स्याङ्जाले स्वीकृत गरेको जिल्ला दररेटलाई नै विरुवा गाउँपालिका कार्यालयको आधिकारिक दररेटको रुपमा स्वीकृती गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ३
विरुवा गाउँपालिका कार्यालयबाट आ.व.२०७९/८० मा संचालित योजना तथा कार्यक्रम र समग्र सेवा प्रवाहको विषयमा मिति २०८०/०५/२६ गते विरुवा गाउँपालिका वडा नं. ८ स्थित तर्ले सिमलडाँडामा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ४
आ.व. २०८०/८१ को लागि स्वीकृत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने वार्षिक योजना तथा कार्यक्रम कार्यन्वयनका लागि २०८० भाद्र मसान्तभित्र उपभोक्ता समिति गठन गरिसक्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ५
आ.व. २०८०/८१ मा गण्डकी प्रदेश सरकारसंगको साझेदारीमा संचालन हुने साझेदारी कार्यक्रममा विरुवा गाउँपालिका वडा नं ३ को वडा कार्यालय भवन निर्माणका लागि गण्डकी प्रदेशमा साझेदारी प्रस्ताव पेश गर्ने तथा सो को लागि गाउँपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने रकमको स्रोत सुनिश्चितता गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ६
विरुवा गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने घर तथा भवनहरुको नक्सा पास अनिवार्य गर्ने र नक्सापास नगरी निर्माण भएका भवनहरुको अभिलेखीकरण गर्ने र सो प्रयोजनका लागि ३५ दिनको समयसिमा राखी सार्वजनिक सूचना प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

CS CamScanner

निर्णय नं. ७

विरुवा गाउँपालिका केन्द्र वडा नं. १ मा निर्माण भएको कृषिउपज संकलन केन्द्र संचालनका लागि पटक-पटक सूचना प्रकाशन गर्दा पनि कुनै व्यक्ति तथा संस्थाबाट निवेदन प्राप्त नभएकाले पुनः १ पटक सूचना प्रकाशन गर्ने तथा सूचनामा उल्लेखित समयसिमाभित्र निवेदन नपरेमा गाउँपालिका कार्यालयले नै कृषिउपज संकलन केन्द्र संचालन गर्नेगरी प्रक्रिया अगाडी बढाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ८

विरुवा गाउँपालिका कार्यालय अन्तर्गत स्थापना भई संचालनमा रहेको नागरिक आरोग्य केन्द्रमा करार सेवामा कार्यरत कार्यालय सहयोगीको लागि चालु आ.व. २०८०/८१ को लागि गण्डकी प्रदेश सरकारबाट आवश्यक तलब विनियोजन नभएकोले उक्त नागरिक आरोग्य केन्द्रमा करार सेवामा कार्यरत कार्यालय सहयोगी तारा कार्कीलाई निरन्तरता दिनका लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जाबाट लेखी आएकोले निजलाई विरुवा गाउँपालिका कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थामा हाल बहालवाला कार्यालय सहयोगीले पाउने सेवा सुविधा प्रदान गर्ने गरी निरन्तरता दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ९

विरुवा गाउँपालिका अन्तर्गत वडा नं.३ खाली स्थित खाली विरुवा सडक निर्माण र वडा नं. ४ सानावाङ देउराली स्थित भन्ज्याङ्ग बाहुँ विरुवा सडक निर्माणका क्रममा हालै भएको अविरल बर्साका कारण जोखीममा परेका घरहरुको यथार्थ स्थिति अध्ययन गरी संरक्षण तथा क्षतिपूर्तिका लागि कार्यपालिका समक्ष पेश गर्न विपद व्यवस्थापन समितिलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. १०

विरुवा गाउँपालिका वडा नं. ७ मा रहेको मनकामना मन्दिर पुनर्निर्माण कार्य मनकामना मन्दिर निर्माण गुरुयोजना बनाई निरन्तर चलिरहेको सन्दर्भमा डि.पि.आर.ले लागत अनुमान गरेबमोजिमको रकम लगानी गरी मन्दिर निर्माण गर्न विरुवा गाउँपालिकाको मात्र एकल प्रयासले सम्भव नभएकोले आवश्यक बजेट विनियोजनका लागि नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाण्डौलाई अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो।